## प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त मिति २०७६।०३।१०

प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ४४ मा भएको प्रत्यायोजित व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

(१) यस मापदण्डको नाम "प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६" रहेको छ।

(२) यो मापदण्ड प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति देखी सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ।

२. <u>प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र जिम्मेवारी</u> :(१) प्रदेश विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन,२०७५ को दफा ६ बमोजिमको समितिले दफा ७ बमोजिमको अधिकार क्षेत्र भित्र रही प्रदेशभित्रको प्रकोप प्रभावित क्षेत्रको लागि खोज र उद्धार सामाग्रीको पर्याप्त भण्डारणको व्यवस्था गर्ने र आवश्यकता अनुसार जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी उद्धार कार्य एवं तत्काल राहत पुर्‍याउने व्यवस्था मिलाउने।

(२) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले प्रदेशस्तरमा र आवश्यकताअनुसार जिल्ला विपद् व्यवस्थापन समितिबाट रेखदेख र सञ्चालन हुने गरी जिल्लास्तरमा उद्धार तथा राहत सामाग्री भण्डारणको व्यवस्था गर्ने।

(३) जोखिममा परेका वस्तीको पहिचान गरी त्यस्ता वस्तीको संरक्षण र वस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रम वा वस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरि अध्ययन अनुसन्धान, बजेटको व्यवस्था योजना, तर्जुमा कार्यक्रम निर्माण, तथा श्रोत साधनको व्यवस्था गर्ने।

(४) प्रकोपको जोखिममा रहेका क्षेत्रको प्रकोप मापन र संकटपुर्ण अवस्थाको मुल्याङ्कन व्यवस्था गर्ने।

(५) प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशभित्र रहेका जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकारवालाहरुसंगको समन्वयमा प्रदेशमा हुन सक्ने प्रकोपको पहिचान गरी सावधानी विधि अपनाउने, र विपद् तथा प्रकोप जोखिममा परेका पीडितहरुको खोजी गर्ने।

(६) उद्धार गर्ने कार्यका लागि प्रदेशस्तरमा नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी समेतका निकायबाट न्यूनतम २५ जना जुनसुकै बेला



मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

परिचालन गर्न सकिने दक्ष र तालिम प्राप्त जनशक्ति तयारी अवस्थामा राख्ने प्रवन्ध मिलाउने ।

(७) प्रकोपको समयमा छिटो छरितो उद्धार एवं राहत उपलब्धताको लागि आपत्कालीन खोज र उद्धार सामाग्री, खाद्यान्न, औषधी एवं लत्ताकपडाको भण्डारणको व्यवस्था गर्ने साथै खोज तथा उद्धारका लागि सरकारी तथा निजी क्षेत्रसंग रहेका सामाग्रीहरुको लगत अद्यावधिक गरि राख्ने ।

(८) नेपाल सरकारको समन्वयमा आपत्कालीन खोज तथा उद्धारका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय मातहत "प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने ।

(९) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयको समन्वयमा रही प्रदेश आपत्कालीन केन्द्रले विपद् पूर्व तयारी तथा विपद् पश्चात आपत्कालीन खोज र उद्धार कार्य गर्न गराउन नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

(१०) प्रदेशस्तरीय आपत्कालीन खोज,उद्धार तथा जनशक्ति परिचालन, खाद्यान्न सामाग्री, औषधी एवं लत्ताकपडा भण्डारण सम्वन्धी व्यवस्थापन तथा समन्वय प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत गर्ने तर सो केन्द्र सञ्चालन नभएसम्म तत्सम्वन्धी कार्यको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

३. <u>आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र जिम्मेवारी</u> :(१) प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा खोज तथा उद्धारका लागि सबै तहको उपलब्ध जनशक्ति, श्रोतसाधन र आवश्यकता अनुरुप थप जनशक्ति, श्रोतसाधन परिचालन गर्ने

(२) नेपाल सरकारको नीति निर्देशन अनुरुप विदेशी उद्धारकर्ताहरुलाई आवश्यक सहयोग पुऱ्याउने व्यवस्था मिलाउने ।

(३) आवश्यकता र प्राथमिकताका आधारमा उद्धार तथा राहत वितरण गर्दा एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था मिलाउने ।

(४) प्रदेश विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम रु ५०,००,०००।-(अक्षेरुपी पचास लाख ) आवर्ति कोष(रिभल्भभिङ फन्ड) को रुपमा मौज्दात राख्ने व्यवस्था मिलाउने ।

(५) आवर्ति कोषको रकम प्रदेश विपद् व्यवस्थापन समितिको निर्णय अनुरुप विपद् उद्धार एवं राहत कार्यमा खर्च गर्ने ।

(६) प्रदेश विपद् व्यस्थापन कोषको खाता मान्यता प्राप्त वाणिज्य बैङ्कमा खोली आन्तरिक मामिला तथा कानून मन्त्रालयले सञ्चालन गर्ने ।

(७) विशेष परिस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिलाई दिइने रकमको अभिलेख राख्ने ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी - कैलाली, नेपाल

मा. आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह

(८) प्रदेश, जिल्ला, स्थानीय तह र सामाजिक एवं गैर सरकारी संघ संस्थाहरुको समन्वय र सहयोगमा प्रकोप व्यवस्थापन तथा प्राकृतिक विपद् जोखिमको क्षति न्यूनीकरण गर्ने ।

(९) जीवन एवं निर्जीवन बीमा गर्न गराउन प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।

(१०) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति एवम् अन्य सरोकारवाला निकायसंग आवश्यक समन्वय गरी जिल्ला र स्थानीय तहसम्म विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्दा सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने व्यवस्था मिलाउने ।

(११) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्नुपर्ने अवस्था भएमा जिल्ला तथा स्थानीय समितिसँग समन्वय गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले तत्काल आवश्यक व्यवस्था मिलाउने ।

४.**प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको उद्धार र राहत वितरण सम्वन्धी  कार्य तथा जिम्मेवारी:**

(१) प्रदेश आपतकालीन कार्यसंचालन केन्द्रले आपतकालीन उद्धार तथा राहत वितरण गर्दा देहाय बमोजिम गर्नु पर्ने छ :

(क) प्राकृतिक विपद् तथा प्राकृतिक घटनाको पहिचान तथा यर्थात विवरण संकलन गर्ने :

(ख) प्राकृतिक विपद्, प्रकोप वा प्राकृतिक घटना घटेको ३० दिन भित्र राहत पाउने सरोकारवालाको निवेदन माग गर्ने ।

(२) राहत माग गर्न प्राकृतिक विपद् तथा जोखिम प्रभावित व्यक्ति वा हकदारसंग निवेदन साथ देहायका कागजातहरु माग गरी क्षतिको यकिन गर्ने ।

(क) नागरिकता वा परिचय खुल्ने प्रमाण,

(ख) स्थानीय तहको सिफारिश,

(ग) नजिकको प्रहरी कार्यालयको सिफारिश,

(घ) प्राकृतिक विपद् घटनाको तस्विर वा श्रव्यदृश्य र

(ङ) उपचारको हकमा सम्वन्धीत स्वास्थ्य संस्थाको उपचार कार्ड/पुर्जी,

५. **राहत वितरण सम्बन्धी व्यवस्था** :(१) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय वमोजिम एकद्वार प्रणाली अवलम्वन गरि प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १५ को उपदफा ४ को विपरीत नहुनेगरि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट जिल्ला विपद् व्यवस्थापन समिति मार्फत देहाय वमोजिमको राहत वितरण गरिनेछ ।

(क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम प्राकृतिक विपद् प्रकोपबाट निजी घर वा बहालमा रहेको आवास नष्ट भएमा वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको



मा. आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह

लागि खाद्यान्न नभएका पीडित परिवारलाई आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रति परिवार रु ५,०००।-(अक्षेरुपी पाँच हजार) राहत रकम उपलब्ध गराउने ।

(ख) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम प्राकृतिक दुर्घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु १०,०००।-(अक्षेरुपी दश हजार ) उपलब्ध गराउने ।

(ग) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम विपद् प्रकोपको दर्घटनामा परी घाइते हुनेहरुलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत् सरकारी अस्पतालमा उपचार गर्दा लागेको खर्च रकम भुक्तानी गरी दिने र अस्पतालबाट घर फर्किदा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट औचित्यतता हेरी आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति बढीमा रु. १,५००।- ( अक्षेरुपी एक हजार पाँचसय) सम्म दिन सकिनेछ ।

(घ) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम विपद् जोखिम तथा प्राकृतिक दुर्घटना परि घाइते हुनेहरुलाई प्रदेश भित्र उपचार हुन नसक्ने अवस्था भई प्रदेश बाहिर उपचारमा जानु पर्दा सम्बन्धित अस्पताल वा चिकित्सकको सिफारिशको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत् प्रति व्यक्ति रु २०,०००।-(अक्षेरुपी बीस हजार) उपलब्ध गराउने ।

(ङ) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय बमोजिम विपद् प्रकोप वा प्राकृतिक घटनामा मृत्यु हुने व्यक्तिको परिवारलाई क्रिया खर्च वापत रु २०,०००।-(अक्षेरुपी बीस हजार) जिल्ला विपद् व्यवस्थापन समिति मार्फत् उपलब्ध गराउने ।

(च) प्रदेश विपद् व्यवस्थापन विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २ को (ग) र (छ) वमोजिम प्राकृतिक विपद तथा प्राकृतिक दुर्घटनामा परि उपचार गराउनु पर्ने र अङ्गभङ्ग भै गंभीर अशक्त अपाङ्ग भएका पीडितलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा उपचार गर्ने अस्पतालको सिफारिशका आधारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय वमोजिम एक पटकको रु ५०,०००।-(अक्षेरुपी पचास हजार) राहत रकम उपलब्ध गराउने । यस मापदण्डको प्रयोजनको लागि अंगभङ्ग भन्नाले आँखा हात, खुट्टा गुमेका वा उक्त अङ्गले पुर्ण रुपमा काम गर्न नसक्ने अवस्थालाई सम्झनुपर्छ ।



मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

(छ) प्रकोपका पिडितहरुलाई पुनःस्थापना तथा क्षतिग्रस्त संरचनाको पुनः निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम संघीय वन तथा वातावरण मन्त्रालय, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको जिल्लास्थित तोकिएको निकायसंग समन्वय गरि सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ज) प्राकृतिक विपद् घटनामा परी विद्यालय/शैक्षिक संस्था, स्वास्थ्य केन्द्र क्षतिग्रस्त भई तत्काल मर्मत, सुधार पुनः निर्माण गर्नुपर्ने भएमा प्रदेशस्थित सम्बद्ध विषयगत मन्त्रालयसंग समन्वय गरी यथार्थ अवस्थाको पहिचान गरी/गराई तत्काल मर्मत संभार हुने व्यवस्था मिलाउन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकमा पेश गर्ने ।

(झ) जिल्ला तथा स्थानीय स्तरले आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाएको विवरण अनुसार प्राकृतिक विपद्मा परी खाद्यान्न वा थप आर्थिक वा अन्य सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत नेपाल सरकार, गृह मन्त्रालय कार्यकारी समितिमा पठाउने ।

(ञ) पीडितहरुलाई राहत वितरण गर्दा जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय उद्धार समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाँउको हकमा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् नै राहत सहयोग उपलब्ध गराउने । सम्भव भएसम्म संघीय व्यवस्थापिका संसद र प्रदेश सभामा प्रतिनिधित्व रहेका सबै दलको प्रतिनिधि समेतलाई आमन्त्रण गरी निर्धारित मापदण्डको आधारमा प्रदेश सरकारको प्रतिनिधी वा प्रदेश सरकारको तोकिएको कर्मचारीको उपस्थितिमा पिडितहरुलाई शिघ्र र प्रत्यक्ष रुपमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने ।

६. <u>विपद् व्यवस्थापन तथा राहत वितरणको अभिलेख सूचना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन</u> : (१) आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन सम्वन्धमा वेभसाइट तथा अन्य माध्यमबाट प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी सूचनाको प्रवाह तथा खर्चको सार्वजिनिकरण गर्ने व्यवस्था मिलाउनुका साथै आन्तरिक मामिला तथा कानून मन्त्रालयले देहायको कार्य गर्नुपर्नेछ ।

(क) प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र र स्थानीय विपद् आपतकालीन कार्य सञ्चालन केन्द्र वा समितिले वार्षिक कार्य प्रगति विवरण प्रकाशन, सार्वजनीकरण र सोको प्रतिवेदन तत्तत् माथिल्लो समितिमा पेश गर्नुपर्नेछ ।

(ख) प्रदेश विपद् व्यवस्थापन समितिले स्थानीय एवं जिल्ला विपद् व्यवस्थापन समितिहरुबाट विपद् व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकताअनुसार सुपरीवेक्षण गर्न टोली खटाई प्रतिवेदन लिन सक्नेछ ।



मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह

(ग) प्रदेश विपद् व्यवस्थापन समितिले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुबाट भएको विपद् व्यवस्थापन सम्बन्धी कामहरुको कम्तीमा वर्षको दुई पटक अनुगमन गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट भए गरेको काम कारबाही र खर्च समेतको प्रगति विवरण एकीकृत गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(घ) प्रकोप/विपद् पीडित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ संस्था एवं राष्ट्रसेवक कर्मचारीहरुलाई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सिफारिसमा प्रदेश सरकारले उचित सम्मान एवं पुरस्कार दिने व्यवस्था मिलाउन पर्नेछ।

७. खर्चको लेखाङ्कन तथा लेखापरिक्षण : (१) मन्त्रालयले प्रदेश विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ र यस निर्देशिका वमोजिम खर्च गरिने रकमको लेखाङ्कन प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली र खरिद कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गर्नु पर्नेछ।

(२) प्रदेश विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन, २०७५ र यस निर्देशिका बमोजिम हुने खर्चको अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

८. **संशोधन** : प्रदेश सरकारले प्रदेश विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ र संघीय ऐन तथा मापदण्डको प्रतिकुल नहुने गरी यो मापदण्ड संशोधन गर्न सक्नेछ।

मा. आन्तरिक मामिला तथा कानून मन्त्री
प्रकाश बहादुर शाह